

नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, असार ३१ गते २०३३ साल [अतिरिक्ताङ्क ९+(क)

श्री ५ को सरकार

स्वास्थ्य मन्त्रालयको

सूचना

नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः—

संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल स्वास्थ्य सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,—

(क) "सेवा" भन्नाले नेपाल स्वास्थ्य सेवा सम्झनुपर्छ ।

(ख) "श्रेणी" भन्नाले सेवाको श्रेणी सम्झनुपर्छ ।

(ग) "समूह" भन्नाले सेवाभित्र रहेका पदहरूको कामको प्रकृति र ती कामलाई सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले विभाजन गरेको समान प्रकृतिको पदहरूको समूह सम्झनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सेवामा रहने श्रेणी र समूहः (१) सेवामा निम्नलिखित श्रेणीहरू रहनेछन्:—

(क) विशिष्ट श्रेणी

(ख) प्रथम श्रेणी

(ग) द्वितीय श्रेणी

(घ) तृतीय श्रेणी

(२) सेवामा रहने समूहहरू अनुसूची १ मा तोकिएबमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची १ मा आवश्यक संशोधन गर्न सक्नेछ ।

(४) सेवाको विभिन्न समूहमा रहने श्रेणी तथा पद श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएबमोजिम हुनेछ ।

(५) श्री ५ को सरकारले सेवाको विभिन्न पदमा हाल बहाल रहेका कर्मचारीहरूलाई निजहरू बहाल रहने समूहमा पदसहित निर्धारण गरी त्यसको सूचना सम्बन्धित कर्मचारी-हरूको जानकारीको लागि नेपाल राजपत्रमा प्रकाशित गर्नेछ ।

(६) उप-नियम (५) बमोजिम सेवामा बहाल रहेका कर्मचारीहरूको समूह निर्धारण भएपछि कर्मचारीले सेवाको एक समूहबाट अर्को समूहमा परिवर्तन गर्न पाउने छैन ।

तर जनरल हेल्थ सर्भिसेज समूहको कर्मचारीले सेवाको अर्को कुनै समूहलाई चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता हासिल गरी आएमा निजले आफूले हासिल गरेको शैक्षिक योग्यताको प्रमाणपत्र समेत संलग्न गरी तत्काले सो कुराको सूचना श्री ५ को सरकारलाई दिनु पर्नेछ । यसरी सूचना प्राप्त भएपछि श्री ५ को सरकारले उक्त समूहमा पद रिक्त भएमा त्यस्तो कर्मचारीको समूह परिवर्तन गर्नेछ ।

(७) उप-नियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उप-नियमको प्रति-बन्धात्मक वाक्यांशमा लेखिएको अवस्थामा बाहेक सेवाका कुनै कर्मचारीले आफ्नो शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा सेवाको एक समूहबाट अर्को समूहमा परिवर्तन गर्न चाहेमा निवेदन दिन सक्नेछ र यस्तो निवेदन परी श्री ५ को सरकारले मनासिब देखेमा त्यस्तो कर्मचारीको समूह परिवर्तन गर्न सक्नेछ ।

तर त्यसरी समूह परिवर्तन गरिएको कर्मचारीले परिवर्तन भएको समूहभित्र हुने बढुवाको लागि समूह परिवर्तन भएको मितिले एक वर्षसम्म संभाव्य उम्मेदवार बन्न पाउने-छैन ।

४. रिक्त पदको पूर्ति र बढुवाः (१) सेवा अन्तर्गतको समूहमा रिक्त भएको पदको पूर्ति देहाय-बमोजिम गरिनेछः—

(क) विशिष्ट श्रेणीको पद रिक्त भएमा प्रथम श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रथम श्रेणीको पद रिक्त भएमा द्वितीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।

(ग) द्वितीय श्रेणीको पद रिक्त भएमा तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।

(घ) तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा राजपत्र अनंकित प्रथम श्रेणीको पदमा स्थायी रूपले घटीमा पाँच वर्षसम्म अटट सेवा गरेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा ।

(२) उप–नियम (१) को खण्ड (क), (ख) र (ग) बमोजिम बढुवाद्वारा विशिष्ट श्रेणी, प्रथम श्रेणी वा द्वितीय श्रेणीको रिक्त पद पूर्ति गर्दा त्यस्तो पद जुन समूहभित्रको हो सोही समूहको आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गरिनेछ ।

तर नियम ३ को उप–नियम (६) को प्रतिवन्धात्मक वाक्यांशबमोजिम भै एक समूहबाट अर्को समूहमा परिवर्तन हुनुपर्नेमा पद नभएको कारणबाट जनरल हेल्थ सर्भिसेज समूहमा नै रहेको कर्मचारी निजले विशेषज्ञता हासिल गरी आएको शैक्षिक योग्यता अनुसारको समूहको रिक्त पद पूर्तिको लागि हुने बढुवाको लागि मात्र संभाव्य उम्मेदवार हुन पाउने छ। जनरल हेल्थ सर्भिसेज समूहको रिक्त पद पूर्तिको लागि हुने बढुवाको लागि संभाव्य उम्मेदवार हुन पाउने छैन ।

(३) उप-नियम (१) को खण्ड (घ) बमोजिम बढुवाद्वारा तृतीय श्रेणीको पद पूर्ति गर्दा जम्मा रिक्त पदहरूको पच्चीस प्रतिशतसम्म पदहरूमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा रिक्त पदको समूहसंग घनिष्ठरूपले सम्बन्धित र श्री ५ को सरकारले समय समयमा निर्धारित शैक्षिक योग्यता पुगेका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा गरिनेछ ।

स्पष्टीकरण: यस उप-नियमको प्रयोजनको लागि "घनिष्ठरूपले सम्बन्धित" भन्नाले समूहभित्र रिक्त रहेका राजपत्राङ्कित तृतीय श्रेणीको पदहरूमा रही गर्नु पर्ने कामसित घनिष्ठरूपले सम्बन्धित भएको हुनुपर्छ। उदाहरणार्थ: आयुर्वेद समूहमा पदोन्नतिको लागि सम्भाव्य उम्मेदवार हुनलाई आयुर्वेदतर्फ नै सम्बन्धित काम गरिरहेको हुनुपर्छ । त्यस्तै नर्सिङ्ग समूहमा पदोन्नतिको लागि संभाव्य उम्मेदवार हुन नर्सिङ्गतर्फ नै सम्बन्धित काम गरिरहेको हुनुपर्छ ।

(४) तृतीय श्रेणीको रिक्त पदमा बढुवा हुन कुनै कर्मचारी रिक्त पदको समूहसंग घनिष्ठरूपले सम्बन्धित छ छैन भन्ने प्रश्न उठेमा श्री ५ को सरकारबाट भएको निर्णय अन्तिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. नयाँ नियुक्तिः (१) स्वीकृत शिक्षण संस्थाबाट सम्बन्धित समूहमा नियुक्तिको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको र निजामती सेवा नियमावली, २०२१ बमोजिम कुनै अयोग्यता नभएको व्यक्ति सेवाको सम्बन्धित समूहको तृतीय श्रेणीमा नयाँ नियुक्तिको लागि योग्य मानिनेछ ।

(२) सेवाको तृतीय श्रेणीमा नयाँ नियुक्ति भएका प्रत्येक कर्मचारीलाई एक वर्षको परीक्षणकालमा राखिने छ र सो अवधिमा निजले श्री ५ को सरकारबाट निर्धारित गरिएको कुनै प्रशिक्षण पूरा गर्नु पर्ने वा परीक्षा दिन पर्ने भएमा त्यस्तो प्रशिक्षण पूरा गरेको र परीक्षामा उत्तीर्ण भएको हुनु पर्नेछ ।

तर श्री ५ को सरकारले आवश्यक सम्झेमा कुनै कर्मचारीको परीक्षणकालको अवधि अर्को एक वर्षसम्म बढाउन सक्नेछ।

(३) उप–नियम (२) बमोजिम परीक्षणकालमा राखिएका कुनै कर्मचारीको काम सन्तोषजनक छ र निजले उप–नियम (२) मा लेखिएका शर्तहरू पनि पूरा गरेको छ भने श्री ५ को सरकारले निजको नियुक्ति सदर गर्नेछ । नियुक्ति सदर नभएका कर्मचारीलाई सेवाबाट हटाइनेछ ।

(४) यी नियमहरूबमोजिम परीक्षणकालमा राखिएको कर्मचारीको नियुक्ति सदर भएमा सो परीक्षणकालमा रहेको अवधिलाई नोकरीको अवधिमा गणना गरिनेछ ।

(५) उप–नियम (१) बमोजिम सेवा अन्तर्गतका समूहहरूमा नयाँ नियुक्ति हुन आवश्यक न्यूनतम शैक्षिक योग्यता अनुसूची २ मा तोकिएबमोजिम हुनेछ ।

(६) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूची २ मा आवश्यक संशोधन गर्न सक्नेछ ।

६. सरूवाः कर्मचारीको शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा बाहेक कुनै समूहको कर्मचारीलाई अर्को समूहमा सरूवा गर्न सकिने छैन ।

७. खारेजी र बचाउः (१) नेपाल स्वास्थ्य सेवा (श्रेणी विभाजन, भर्ना तथा प्रमोशन) नियमहरू, २०२२ खारेज गरिएको छ ।

(२) यी नियमहरूमा लेखिए जतिमा यी नियमहरूबमोजिम र अरूमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – १

(नियम ३ को उप–नियम (२) संग सम्बन्धित)

सेवा अन्तर्गतका समूहहरू

१. जनरल मेडिसिन (विशेषज्ञ)
२. डर्माटोलजी, लेप्रोलजी र भेनरल डिजिजेज
३. साइकियाट्री
४. पिडियाट्रिक्स
५. सर्जरी
६. अपथल्मलोजी
७. ओटोरिनो ल्यारिङ्गलजी
८. चेष्ट डिजिजेज
९. एनेस्थेसियोलजी
१०. अवष्ट्रेटिक तथा गाइनोकोलजी
११. जनरल रेडियोलजी
१२. पब्लिक हेल्थ एड्मिनिष्ट्रेशन
१३. जनरल हेल्थ सर्भिसेज
१४. प्याथोलजी र ब्लड बैंक
१५. डेण्टीष्ट्री
१६. आयुर्वेदिक
१७. पब्लिक हेल्थ नर्सिङ्ग
१८. नर्सिङ्ग
१९. हेल्थ एजुकेशन (स्वास्थ्य शिक्षा)
२०. स्यानिटेशन
२१. मेडिकल टेक्नोलजी
२२. फिजियोथेरापी
२३. होमियोप्याथी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ५ को उप–नियम (५) संग सम्बन्धित)

समूहको निमित्त आवश्यक न्यूनतम शैक्षिक योग्यता

क्र.सं.	समूह	आवश्यक न्यूनतम शैक्षिक योग्यता	कैफियत
१.	जनरल मेडिसिन (विशेषज्ञ)	एम. बी.बी.एस. पछिको पोष्ट ग्राजुयट एम. डी. वा एम. आर. सी. पी. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछि "इन्टरनल मेडिसिन"मा प्रमाणपत्र प्राप्त । वा सो सरह	
२.	डर्माटोलजी,लेप्रोलजी र भेनरल डिजिजेज	एम. बी. बी. एस. पछिको पोष्ट ग्राजुएट एम. डी. वा एम. आर. सी. पी. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछि "इन्टरनल मेडिसिन"मा प्रमाणपत्र प्राप्त गरी लेप्रोलजी वा डर्माटोलजी वा भेनरल डिजिजेजमा तालीम प्राप्त । वा डिप्लोमा इन डर्माटोलजी वा लेप्रोलजी वा भेनरल डिजिजेज वा सो सरह	
३.	साइकियाट्री	एम. बी. बी. एस. पछि पोष्ट ग्राजुयट एम. डी. वा एम. आर. सी. पी. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछि "इन्टरनल मेडिसिन" मा प्रमाणपत्र प्राप्त गरी साइकियाट्रीमा तालीम प्राप्त । वा एम. आर. सी. साइकियाट्री वा डी. पी. एम. वा सो सरह	
४.	पिडियाट्रिक्स	एम. बी. बी. एस. पछि पोष्ट ग्राजुयट एम. डी. वा एम. आर. सी. पी. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछि "इन्टरनल मेडिसिन"मा प्रमाणपत्र प्राप्त गरी पिडियाट्रिक्समा तालीम प्राप्त ।	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		वा एम. आर. सी. पी. (पिडियाट्रिक्स) वा डी. सी. एच. वा सो सरह
५.	सर्जरी	एम. बी. बी. एस. पछि एम. एस. वा एम. सीएच. (M.Ch.) वा एफ. आर. सी. एस. वा एम. डी. आधारभूत शैक्षिक योग्यता पछि सर्जरीमा प्रमाणपत्र प्राप्त। वा सो सरह
६.	अपथल्मलोजी	एम. एस. (आई) वा एफ. आर. सी. एस. (आई) वा डी. ओ. वा डी. ओ. एम. एस. वा सो सरह
७.	ओटोरिनो ल्यारिङ्गलजी	एम. एस. (ई. एन. टी.) वा एफ. आर. सी. एस. (ई. एन. टी.) वा डी. एल. ओ. वा सो सरह

आधिकारिकता सूचना विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.	चेष्ट डिजिजेज	एम. बी. बी. एस. पछिको पोष्ट ग्राजुयट एम. डी. वा एम. आर. सी. पी. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछि "इन्टरनल मेडिसिन"मा प्रमाणपत्र प्राप्त गरी टयूवरकुलोसिस एण्ड चेष्ट डिजिजेजमा तालीम प्राप्त। वा टी. डी. डी. वा डी. टी. सी. डी. वा सो सरह
९.	एनेस्थेसियोलजी	एम. बी. बी. एस. पछि एम. डी. (एनेस्थेसिया) वा एम. एस. (एनेस्थेसिया) वा एफ. एफ. ए. आर. सी. एस. वा डी. ए. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछिको एनेस्थेसियोलजीमा प्रमाणपत्र प्राप्त वा सो सरह
१०.	अवष्ट्रेटिक तथा गाइनोकोलजी	एम. बी. बी. एस. पछि एम डी. (गाइनो.) वा एम. ओ. वा एम. आर. सी. ओ. जी. वा एफ. आर. सी. एस. (अब्स. एण्ड गाइनो.) वा डी. अब्स. वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		आधारभूत शैक्षिक योग्यता एम. डी. पछि अब्स्ट्रेटिक एण्ड गाइनोकोलजीमा प्रमाणपत्र प्राप्त वा सो सरह
११.	जनरल रेडियोलजी	डी. एम. आर. डी. वा डी. एम. आर. वा डी. एम. आर. टी. वा एफ. एफ. आर. वा एम. बी. बी. एस. पछि रेडियोलजीमा एम. डी. वा एम. एस. वा आधारभूत शैक्षिक योग्यता एम. डी. पछि रेडियो–लजीमा प्रमाणपत्र प्राप्त वा सो सरह
१२.	पब्लिक हेल्थ एड्मिनिष्ट्रेशन	एम. बी. बी. एस. पछि एम. पी. एच. वा डी. पी. एच. वा डी. आई. एच. वा डी. आर. पी. एच. वा एम. डी. वा सो सरह
१३.	जनरल हेल्थ सर्भिसेज	एम. बी. बी. एस. वा सो सरह
१४.	प्याथलजी र ब्लड बैङ्क	एम. बी. बी. एस. पछि प्याथलजीमा एम. डी. वा एम. एस. वा डी. ब्याक्ट वा एम. आर. सी. (प्याथ.) वा

आधिकारिकता कुद्रय विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

		डी. सी. पी. वा सो सरह
१५.	डेण्टीष्ट्री	बी. डी. एस्सी. वा बी. डी. एस. वा एम. एस. (डेण्टिष्ट्री) वा सो सरह
१६.	आयुर्वेदिक	त्रि. वि. चिकित्सा शास्त्री (आयुर्वेदिक) वा सो सरह
१७.	पब्लिक हेल्थ नर्सिङ्ग	चिकित्सा शास्त्री (नर्सिङ्ग) पछि पब्लिक हेल्थ (कम्यूनिटी हेल्थ) नर्सिङ्गमा तालीम प्राप्त वा पब्लिक हेल्थ (कम्यूनिटी हेल्थ) नर्सिङ्गमा मेजर गरी चिकित्सा शास्त्री (नर्सिङ्ग) को उपाधि प्राप्त गरेको वा सो सरह
१८.	नर्सिङ्ग	चिकित्सा शास्त्री (नर्सिङ्ग) वा सो सरह
१९.	हेल्थ एजुकेशन	स्नातकोपाधि पछि हेल्थ एजुकेशनमा डिप्लोमा वा डिग्री वा डी. पी. एच. वा एम. पी. एच. वा सो सरह
२०.	स्यानिटेशन	स्यानिटरी साइन्स वा पब्लिक हेल्थ स्यानिटरी साइन्समा डिग्री वा पोष्ट ग्राजुएट डिप्लोमा वा सो सरह
२१.	मेडिकल टेक्नोलजी	मेडिकल ल्याव टेक्नोलजीमा स्नातक वा सो सरह

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२.	फिजियोथेरापी	फिजियोथेरापीमा स्नातकोपाधि वा सो सरह
२३.	होमियोप्याथी	होमियोप्याथीमा स्नातकोपाधि प्राप्त वा सो सरह

आज्ञाले–
मनमोहनलाल सिंह
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मदन विभाग, सिंदेरवार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।